# संघीय संसद
# प्रतिनिधि सभा
चौथो अधिवेशन
## बैठक संख्या - १६

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल जेठ १९ गते आइतबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा बिहान ११:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै राष्ट्रिय जनता पार्टी नेपालका मा० सदस्यहरु आ-आफ्नो स्थानमा उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री लक्ष्मणलाल कर्णलाई समय दिनुहुँदा उहाँले लोक सेवा आयोगले संविधानको मर्म विपरित समानुपातिक समावेशी रुपमा कर्मचारी माग नगरेको, प्रदेशको कर्मचारी माग गर्ने अधिकार नै नभएको र लाल आयोगको प्रतिवेदन सार्वजनिक नगरेको विषयमा सरकारको ध्यानाकर्षण गराउनु भयो ।

तदुपरान्त मा० श्री मिनेन्द्र प्रसाद रिजालले सरकारले प्रस्तुत गरेको आ.व. २०७६/०७७ को बजेट वक्तव्यको अनुसूचीमा पेश गरेको अघिल्लो आ.व. २०७५/०७६ को संशोधित अनुमानमा त्रुटि रहेको र सदनले सरकारलाई प्रदान गरेको अधिकार भन्दा बढी आन्तरिक ऋण उठाउन सरकारले नपाउने हुनाले उल्लिखित विषयका सम्बन्धमा मा० अर्थमन्त्रीले स्पष्टीकरण नदिएसम्म बजेटमाथिको छलफल अगाडि बढ्न सक्दैन भन्नुभयो ।

तत्पश्चात मा० श्री खगराज अधिकारीले सभा भवनमा मा० सदस्यहरु बस्ने कुर्सीहरु भाँचिएर खतरापूर्ण भएको भन्नुभएपछि सम्माननीय सभामुखले सो सम्बन्धमा सचिवालयको ध्यानाकर्षण गराउनु भयो ।

त्यसपछि मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले मा० श्री मिनेन्द्र प्रसाद रिजालले उठाउनु भएको विषयका लागि धन्यवाद दिनुहुँदै बजेट वक्तव्यको अनुसूचीमा भएको प्राविधिक त्रुटी सच्याईसकिएको र सरकारले आन्तरिक ऋण सदनबाट प्राप्त अधिकार क्षेत्रभित्र रहेर नै उठाउने जानकारी दिनुभयो ।

तदुपरान्त प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो धारणा राख्नुभयो :-

१. मा० डा० अमरेश कुमार सिंह
२. मा० श्री आशा कुमारी वि.क.
३. मा० श्री केदार सिग्देल
४. मा० श्री खगराज अधिकारी
५. मा० श्री गंगा चौधरी (सत्गौवा)
६. मा० श्री घनश्याम खतिवडा

तत्पश्चात मा० अर्थमन्त्री डा० युवराज खतिवडाले "आ.व. २०७६/०७७ को राजश्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल प्रारम्भ गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्दै वक्तव्य दिनुभयो ।

त्यसपछि आ.व. २०७६/०७७ को राजश्व र व्ययको वार्षिक अनुमानमाथि प्रारम्भ भएको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री योगेश कुमार भट्टराई
२. मा० श्री मिनेन्द्र प्रसाद रिजाल
३. मा० श्री महन्थ ठाकुर
४. मा० श्री प्रदिप यादव
५. मा० श्री हृदयेश त्रिपाठी
६. मा० श्री उमाकान्त चौधरी
७. मा० श्री अनिल कुमार झा
८. मा० श्री रेनुका गुरुङ्ग
९. मा० श्री सत्य पहाडी
१०. मा० श्री डिला सँग्रौला (पंत)
११. मा० श्री अमृता देवी अग्रहरी
१२. मा० श्री रामकुमारी झाँक्री
१३. मा० श्री देवप्रसाद तिमलसेना
१४. मा० श्री प्रेम बहादुर आले
१५. मा० श्री रंगमती शाही
१६. मा० श्री नर बहादुर धामी
१७. मा० श्री प्रकाश रसाईली (स्नेही)
१८. मा० श्री अञ्जना विशंखे
१९. मा० श्री रामबहादुर विष्ट
२०. मा० श्री घनश्याम खतिवडा

२१. मा० श्री सत्यनारायण शर्मा खनाल
२२. मा० श्री मेटमणि चौधरी
२३. मा० डा० नारायण खड्का
२४. मा० श्री नारायण प्रसाद मरासिनी
२५. मा० श्री बृजेश कुमार गुप्त
२६. मा० श्री ईन्दु कुमारी शर्मा
२७. मा० श्री मन कुमारी जि.सी.
२८. मा० श्री आशा कुमारी वि.क.
२९. मा० श्री नारदमुनि राना
३०. मा० श्री विना कुमारी श्रेष्ठ
३१. मा० श्री लक्ष्मी परियार
३२. मा० श्री देवप्रसाद गुरुङ

तदुपरान्त सम्माननीय सभामुखले आ.व. २०७६/०७७ को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको छलफलमा मा० सदस्यहरुले बोल्ने क्रम आगामी बैठकमा जारी रहने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०७६ साल जेठ २० गते सोमबार बिहान ११:०० बजे बस्नेगरी दिनको ४:३० बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव